जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : १९ २०८३ साल बैशाख २२ गते, मंगलबार Tuesday, May.– 05 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## पिपरपाती-कवाहि गोठ नाकाबाट तस्करी मौलायो : दैनिक लाखौँको अवैध कारोबार, सुरक्षा संयन्त्रमाथि प्रश्न





***संवाहक सम्वाददाता-२१ बैशाख, कलैया***

बाराको पचरौता नगरपालिका अन्तर्गत पिपरपाती नाका र कवाही गोठ क्षेत्रबाट कपडा, चकलेट, काजुलगायतका सामग्रीको तस्करी खुलेआम भइरहेको भन्दै स्थानीयले गम्भीर चिन्ता व्यक्त गरेका छन्। दैनिक आधा दर्जनभन्दा बढी भारतीय मोटरसाइकलमार्फत अवैध ओसारपसार भइरहेको र यसमा संगठित गिरोह सक्रिय रहेको स्रोतको दाबी छ।

भारतको बिहारसँग जोडिएको उक्त नाकामा सशस्त्र प्रहरीले कडाइ गरेको दाबी गरिए पनि व्यवहारमा भने तस्करी रोकिएको छैन। पचरौताको गण्डक नहर आसपासका कुडवा, आदर्श कोतवाल क्षेत्र तथा लंगडाचोक प्रहरी चौकीको कार्यक्षेत्रभित्र पर्ने कोतवाली क्षेत्रमा गोदाम बनाएर मुख्य ट्रान्जिट पोइन्टका रूपमा प्रयोग भइरहेको स्थानीयको भनाइ छ।

स्रोतका अनुसार ‘खेना’ नामले चिनिने स्थानीय नामुद तस्करले दुई दर्जनभन्दा बढी मोटरसाइकल प्रयोग गरी दैनिक कारोबार सञ्चालन गरिरहेको छ। भारतीय तस्कर समूहका अरविन्द, उपेन्द्रलगायतका व्यक्तिहरूको संलग्नतामा दैनिक लाखौं रुपैयाँ बराबरको सामान राजस्व छलि गरी नेपाल भित्र्याइने गरेको आरोप छ।

पिपरपाती-बेलदरी नाकाबाट रातारात ठूलो परिमाणमा सामान भित्र्याएर रामनगरलाई भण्डारण केन्द्र बनाइएको छ। हुलाकी सडक र गण्डक नहरको बाटो प्रयोग गर्दै बिहान-साँझ महागढीमाई नगरपालिका अन्तर्गत बरियारपुर, गञ्जभवानी बजार हुँदै कलैयाका विभिन्न गोदाममा सामान पुर्‍याइन्छ। त्यहाँबाट काठमाडौंसहित पहाडी जिल्लातर्फ पठाउने गरिएको जानकारी प्राप्त भएको छ।

त्यस्तै, फूल र माछाजस्ता वस्तु समेत रातिको समयमा पिकअप गाडीमार्फत सहज रूपमा गन्तव्यतर्फ पठाइने गरेको स्थानीयले बताएका छन्। निगरानी बढेपछि केही पटक अवरोध भए पनि तस्करी पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन।

स्थानीय सियाराम मटरसहित दर्जनौं व्यक्तिहरू तस्करी सञ्जालमा सक्रिय रहेको दाबी गरिएको छ। सीमावर्ती क्षेत्रमा सुरक्षा निकायको उपस्थितिका बाबजुद यस्तो गतिविधि निर्बाध रूपमा सञ्चालन हुनुमा ‘सेटिङ’ को आशंका समेत गरिएको छ।

स्थानीयवासीले सीमा नाकामा कडा निगरानी, संयुक्त सुरक्षा संयन्त्रको सक्रियता र तस्करी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सम्बन्धित निकायसँग माग गरेका छन्। नियन्त्रण नहुँदा राज्यको राजस्वमा ठूलो क्षति हुनुका साथै सीमाक्षेत्रको सुरक्षा अवस्था थप कमजोर बन्ने जोखिम रहेको उनीहरूको चेतावनी छ।

## लिपुलेक–कालापानी–लिम्पियाधुरा नेपालको भूमि नै हो : सरकारको स्पष्ट अडान

***२१ बैशाख, काठमाडौं।***

सस्मित पोखरेल ले लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको सार्वभौम भू-भाग भएकोमा सरकारको अडान यथावत् रहेको स्पष्ट पारेका छन्।



नेपाल सरकार का प्रवक्ता समेत रहेका मन्त्री पोखरेलले मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सीमा विवादित भू-भाग नेपालको नै भएकोमा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताए।

उनका अनुसार परराष्ट्र मन्त्रालय ले यसअघि नै कूटनीतिक नोट जारी गरिसकेको छ र अब समाधान दुई देशबीच संवाद र कूटनीतिक प्रक्रियाबाट खोजिनेछ।

“सरकारको तर्फबाट परराष्ट्र मन्त्रालयले आफ्नो नोट जारी गरिसकेको छ। भारत सरकारले पनि सहकार्यबाटै यसको निकास निकाल्नुपर्छ,” मन्त्री पोखरेलले भने, “सीमा विवाद भइरहेको भू-भाग नेपालको हो भन्नेमा सरकार प्रतिबद्ध छ।”

यो प्रतिक्रिया भारतले लिपुलेक पास हुँदै कैलाश मानसरोवर यात्रा पुनः सञ्चालन गर्ने घोषणा गरेपछि आएको हो। भारतले सन् २०२६ जुनदेखि अगस्टसम्म उक्त मार्ग प्रयोग गरी यात्रा सञ्चालन गर्ने

बाँकी तेस्रो पृष्ठमा

## मधेश प्रदेशमा सरकार फेरबदलको तयारी तीव्र, ६२ सांसदको समर्थनमा नयाँ गठबन्धनको दाबी

***संवाहक सम्वाददाता-२१ बैशाख, कलैया***

मधेश प्रदेशको राजनीतिक समीकरण फेरि परिवर्तनतर्फ उन्मुख भएको छ। हालको सरकार परिवर्तन गर्ने तयारी तीव्र बनेसँगै नयाँ गठबन्धन बनाउन दलहरूबीच निरन्तर छलफल भइरहेको छ।




स्रोतका अनुसार नयाँ सरकार गठनका लागि करिब ६२ सांसदको समर्थन जुटेको दाबी गरिएको छ। प्रदेशसभामा हाल १०० सांसद सक्रिय रहेका छन्। सरकार गठनका लागि कम्तीमा ५४ सांसद आवश्यक पर्छ। यस आधारमा बहुमतभन्दा बढी समर्थन जुटेको दाबीले राजनीतिक वातावरण थप तातिएको छ।

नयाँ समीकरणमा नेपाली कांग्रेसलाई बाहिर राखेर सरकार गठन गर्ने सहमति नजिक पुगेको बताइन्छ। हालका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई पदबाट हटाउने तयारी अन्तिम चरणमा पुगेको स्रोतहरूको भनाइ छ।

सम्भावित नयाँ गठबन्धनमा नेकपा एमाले, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी मुख्य भूमिकामा रहने देखिएको छ। प्रारम्भिक समझदारीअनुसार जसपा नेपालसँग २६, एमालेसँग २४ र जनमत पार्टीसँग १२ सांसदको समर्थन जोडिँदा ६२ सांसदको बहुमत पुग्ने अवस्था बनेको दाबी छ। यता, माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) भने एमाले नेतृत्वको सरकारमा सहभागी नहुने स्पष्ट अडानमा रहेको बताइएको छ। कांग्रेसभित्र पनि हालको नेतृत्वप्रति असन्तुष्टि बढ्दै गएको चर्चा छ।

हालको सरकारमा कांग्रेस, जसपा, लोसपा, माओवादी केन्द्र, नेकपा एस र जनमत पार्टी सम्मिलित भए पनि नयाँ गठबन्धन बनेपछि कांग्रेस,

बाँकी तेस्रो पृष्ठमा

## बोक्सीको आरोपमा अमानवीय हिंसा : कानुनी कडाइ भए पनि अन्धविश्वासको सिकार भइरहेका दलित महिला

***“मिटरब्याज पीडितहरूको लामो ऐतिहासिक संघर्षले र ज्यको आर्थिक संरचना र न्याय प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। दशकौंदेखि चल्दै आएको साहु-महाजन शोषण, बैंकिङ पहुँचको अभाव र कमजोर कार्यान्वयनका कारण गरिब तथा असहाय वर्ग अझै पीडामा छन्। अब उनीहरूको माग स्पष्ट छ–तत्काल उद्धार, न्याय र प्रभावकारी राज्य हस्तक्षेप।”***



लेखक: पन्नालाल दास

रौतहटको कटहरिया नगरपालिकामा पूर्व वडा सदस्य बंकलिया देवी मुसहरमाथि बोक्सीको आरोप लगाउँदै गरिएको अमानवीय दुर्व्यवहार कुनै एकल घटना होइन, यो समाजमा गहिरो जरा गाडेर बसेको अन्धविश्वासको भयावह चित्र हो। सामान्य घटनालाई निहुँ बनाएर एक महिलामाथि कुटपिट गर्दै मानव मलमूत्र खुवाउने जस्तो जघन्य कार्यले हाम्रो सामाजिक चेतना, कानुनी शासन र मानवीय मूल्य सबैमाथि प्रश्न उठाएको छ। यस्तो घटनाले अझै पनि कमजोर, गरिब र दलित समुदायका महिलाहरू कति सजिलै हिंसाको सिकार बनिरहेका छन् भन्ने स्पष्ट देखाउँछ।

नेपालको कानुनले बोक्सीको आरोप लगाएर गरिने हिंसालाई गम्भीर अपराध मानेको छ। मुलुकी अपराध संहिता, २०७४ अनुसार यस्तो आरोपमा कुटपिट, अपमान वा अमानवीय व्यवहार गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र जरिवानाको व्यवस्था छ। तर कानुन कागजमै सीमित हुँदा अपराधीहरू निडर बन्दै गएका छन्। त्यसैले अब राज्य केवल दर्शक बनेर बस्ने होइन, कठोर र निर्मम रूपमा कानुन कार्यान्वयन गर्नुपर्ने बेला आएको छ।

खासगरी मधेश प्रदेशमा यस्ता अन्धविश्वासजन्य घटनाहरू अझ विकराल रूपमा देखिन्छन्। बच्चा बिरामी पर्‍यो भने अस्पताल लैजानुको सट्टा धामी-झाँक्री बोलाएर झारफुक गराउने, बच्चा रोयो भने ‘टुनामुना’ लागेको भन्दै दोषारोपण गर्ने प्रवृत्ति अझै व्यापक छ। रोगको उपचार विज्ञानले सम्भव बनाइसकेको युगमा पनि मानिस अस्पताल र चिकित्सकभन्दा टुनामन्त्रमा विश्वास गर्छन्। यसले केवल बिरामीको स्वास्थ्यमा जोखिम

बाँकी तेस्रो पृष्ठमा

## कलैया प्रादेशिक अस्पतालमा रेबिज खोप अभाव, बिरामी निजी मेडिकल धाउन बाध्य

***संवाहक सम्वाददाता-२१ बैशाख, कलैया***

बाराको कलैयास्थित प्रादेशिक अस्पताल कलैया मा रेबिजविरुद्धको खोप अभाव हुँदा सर्वसाधारण गम्भीर समस्यामा परेका छन्। सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको खोप महिनौँदेखि नहुँदा विशेषगरी विपन्न वर्गका बिरामी निजी मेडिकलबाट महँगो मूल्यमा खोप लिन बाध्य भएका छन्।




अस्पतालमा खोप नहुँदा दैनिक रूपमा कुकुर तथा बिरालोले टोकेका बिरामीहरू निराश भएर फर्किनुपर्ने अवस्था देखिएको छ। जीतपुरसिमरा-१७ का संजित कुमार चौधरीले सरकारी अस्पतालमा निःशुल्क सेवा पाइने अपेक्षामा आए पनि बाहिरबाट खोप किन्नुपरेको गुनासो गरे। “यहाँ सुई पाइन्छ भनेर

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


# सम्पादकीय ........

## दसगजामा "सेटिङ"को छायाँ:
## पचरौता-गुलरिया सीमामा कानुन भन्दा कारोबारी बलियो


नेपाल-भारत सीमाको दसगाजा क्षेत्र कानुनले पूर्ण रूपमा संरक्षित क्षेत्र हो, जहाँ कुनै पनि स्थायी संरचना, व्यवसाय वा व्यावसायिक गतिविधि निषेधित मानिन्छ। तर बाराको पचरौता-गुलरिया सीमाक्षेत्रमा देखिएको अवस्था भने यसको ठ्याक्कै विपरीत छ–जहाँ नियमभन्दा 'सेटिङ', निगरानीभन्दा 'मौनता' र सुरक्षाभन्दा 'व्यापार' बलियो देखिएको छ।

स्थानीयवासीका अनुसार सीमासँगै जोडिएका होटल र मदिरा पसलहरू राति अबेरसम्म सञ्चालनमा छन्। तीमध्ये धेरै व्यवसाय नेपाली नाममा दर्ता भए पनि सञ्चालन भारतीय नागरिकले गर्ने गरेको दाबी छ। यसले केवल आर्थिक अनियमितता मात्र होइन, सीमापार सञ्जालको संकेत पनि दिन्छ। अझ गम्भीर कुरा–यस्ता गतिविधि सुरक्षाकर्मीको उपस्थितिमै भइरहेको आरोपले राज्य संयन्त्रको विश्वसनीयतामाथि नै प्रश्न उठाएको छ।

दशगाजा (०-२० मिटर) क्षेत्रभित्र कुनै पनि व्यवसाय गैरकानुनी हुन्छ। तर त्यही क्षेत्रमा वा त्यससँगै जोडिएका स्थानमा मदिरा बिक्री-वितरण, होटल सञ्चालन र खुला कारोबार हुनु नियमनको असफलता मात्र होइन, सम्भावित संरक्षणको संकेत हो। यदि स्थानीय तहबाट अनुमति दिइएको छ भने त्यो अनुमति आफैं कानुनी परीक्षणको विषय बन्नुपर्छ। सीमाक्षेत्रमा भारतीय रुपैयाँमा खुलेआम कारोबार हुनु, नेपाली मुद्रा उपेक्षित हुनु र मदिराको खुला बिक्रीले आर्थिक सन्तुलन मात्र होइन, सुरक्षा संरचनामाथि पनि असर पार्छ। मदिरा सेवनपछि हुने झगडा, अभद्र व्यवहार र अनियन्त्रित गतिविधिले स्थानीय बासिन्दाको दैनिकी प्रभावित बनाएको छ । स्रोतहरूका अनुसार व्यवसाय सञ्चालनका लागि नियमित रूपमा 'अतिरिक्त रकम' बुझाउने प्रचलन रहेको छ। यदि यो सत्य हो भने, यो केवल भ्रष्टाचार होइन–यो कानुनलाई पैसाको भरमा किनबेच गर्ने प्रवृत्तिको ज्वलन्त उदाहरण हो। यस्तो अभ्यासले दीर्घकालमा सीमाक्षेत्रलाई अवैध कारोबारको सुरक्षित थलोमा परिणत गर्न सक्छ । झन् विडम्बना के छ भने, सुरक्षाकर्मीहरू नजिकै हुँदाहुँदै पनि "माथिल्लो निर्देशन" को अभाव देखाउँदै निष्क्रिय देखिनु। एक निकायले अर्कोमाथि जिम्मेवारी थोपर्ने प्रवृत्तिले समस्या समाधानभन्दा ढाकछोपतर्फ उन्मुख देखिन्छ । सीमा सुरक्षा केवल हतियारधारी उपस्थितिले मात्र हुँदैन, त्यसका लागि कानुनको निष्पक्ष कार्यान्वयन, संस्थागत समन्वय र शून्य सहनशीलताको नीति आवश्यक हुन्छ। पचरौता-गुलरिया क्षेत्रमा देखिएको अवस्था भने यसको उल्टो दिशातर्फ संकेत गरिरहेको छ । अब समय छ–राज्यले स्पष्ट सन्देश दिने। या त कानुन लागू हुन्छ, या सीमाक्षेत्र 'नो म्यान्स ल्याण्ड' होइन, 'नो रुल ल्याण्ड' बन्नेछ।

# युवा रोजगारीका आयाम

युवालाई कृषि पेसाप्रति गौरव गर्न सक्ने गरी नीतिगत र कार्यक्रमगत परावर्तन गर्नु परेको छ। घरेलु कृषिबाट मात्र उत्पादन र रोजगारी विस्तार हुन सक्दैन। यसबाट त जीविका पनि चल्न कठिन हुन्छ। कृषिलाई सामुदायिकीकरण, सहकारीकरण, यान्त्रिकीकरण र व्यावसायिकीकरणबाट मात्र रोजगारी विस्तार गर्न सकिन्छ। त्यसनिम्ति युवा किसान उत्पादन गर्न 'स्टार्टअप' आरम्भ गर्नु पर्छ। तीन तहकै सरकारका कार्यक्रम युवालाई कृषिमा आकर्षित गर्ने गरी उच्च र अग्र प्राथमिकतामा राखेर नीति, योजना र कार्यक्रम ल्याउनु पर्छ।




देशमा सबैभन्दा ठुलो र जटिल समस्या बेरोजगारी नै रहेको छ। यताका दशकमा देशको अर्थतन्त्र रोजगारी विस्तार गर्ने गरी विकास हुन सकेन। बर्सेनि पाँच लाखभन्दा बढी युवा जनशक्ति नेपाली श्रमबजारमा प्रवेश गर्ने भए पनि त्यसको सीमित अंश पनि रोजगारी सिर्जना हुन सकेन। बरु कतिपय अर्धरोजगारीसमेत धानेको कृषि क्षेत्रबाट श्रमशक्ति पलायन तीव्र हुँदै गयो । गाउँघरबाट कृषि श्रमशक्ति विस्थापन हुन थाल्यो । मलिला र उर्वर खेतबारी बन्जर हुँदै गए। कृषिउपज आयातमा बढी निर्भर हुन थाल्यो । औद्योगिक उत्पादन कमी हुँदै गयो । कहिले ऊर्जा, कहिले श्रम विवाद त कहिले गलत नीतिका कारण औद्योगिक क्षेत्रको रोजगारी खुम्चियो । फलस्वरूप यता केही दशकमा अध्ययन र रोजगारीका निम्ति ६० लाखभन्दा बढी नेपाली युवाले देश छोड्नुपर्ने विडम्बना देखियो। यसले राजनीतिक क्षेत्र र खास गरी सत्तामा पुगेकाहरूप्रति असन्तुष्टि बढ्दै गयो । त्यो असन्तुष्टि गत वर्ष भदौ विद्रोहका रूपमा विकास भई त्यसले राजनीतिक परिवर्तन गर्न सक्यो । फागुन २१ को निर्वाचनले अहिले बलियो जनादेशमा आधारित नयाँ सरकार चौतर्फी सुधारका कार्ययोजनामा क्रियाशील छ । युवा रोजगारीको ठुलो आशा पलाएको छ। यतिबेला नयाँ सरकारको नयाँ बजेट तयारी हुँदै छ। युवा रोजगारी सिर्जनालाई केन्द्रमा राखेर योजना, नीति र कार्यक्रम अपेक्षित छ।

अर्थतन्त्र लगानी विस्तारबाट मात्रै थप रोजगारी सिर्जना हुँदै जान्छ। देशमा युवा बेरोजगारीको चित्र जटिल नै देखिएको छ। यो जटिलता चिर्न देशभित्रै युवाको भाग्य र भविष्य खोज्नु पर्ने छ। त्यसप्रति नीति, योजना र कार्यक्रम अपरिहार्य छ। यही दिशामा काम गर्न समयले उच्च माग पनि गरेको छ । बेरोजगारी समस्या निराशाजनक र दीर्घकालीन समस्याका रूपमा देखिएको छ । राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा अहिले बेरोजगारीभन्दा ठुलो चुनौती अर्को छैन। बेरोजगारी दर बढ्दो क्रममा देखिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो अध्ययन अनुसार नेपालमा युवा बेरोजगारी दर १२.७ प्रतिशत पुगेको छ । योभन्दा ठुलो अर्धबेरोजगारी अझ चरम अवस्थामा छ। रोजगारीमा रहेका अधिकको उचित पारिश्रमिक छैन। महँगी भने निरन्तर बढिरहेको तर आय नबढ्दा जीवन धान्न कठिन हुँदै छ । यसले बैदेशिक रोजगारीमा जान बाध्य नै बनाएको छ । पश्चिम एसियामा भइरहेको अहिलेको युद्ध र अशान्तिले बैदेशिक रोजगारी पनि जोखिममा पारेको छ। देशभित्र न्यूनतम रोजगारीका अवसर नहुँदा नै वैदेशिक रोजगारीको बाध्यता सिर्जना भएको हो। बैदेशिक रोजगारी पनि सुरक्षित छैन । सिप, क्षमता र दक्षतामा कमी तथा त्यस अनुरूप काम नहुँदा नेपाली युवा श्रमिकको पीडा सघन छ । तथापि वैदेशिक रोजगारीमा रहेका युवाकै विप्रेषणबाट अर्थतन्त्रको वर्तमान चक्र चलिरहेको छ। विप्रेषणमा अवरोध आउनासाथ त्यो चक्रमा असन्तुलन पैदा भई देशभित्रको लगानी, आय, उत्पादन र रोजगारीमा समेत प्रतिकूल प्रभाव पार्ने छ। बेरोजगारी विस्तारमा शिक्षाको भूमिका पनि उस्तै छ। सैद्धान्तिक शिक्षाका साथै प्राविधिक सिप र व्यावहारिक ज्ञानको कमीका कारण पनि रोजगारी र स्वरोजगारीमा दुष्प्रभाव परिरहेको छ। व्यापक लगानीका साथ उच्च शिक्षा हासिल गरेका युवा बेरोजगार हुनु अझै जटिल आयाम हो । नीतिगत कमजोरी, बनेका नीतिको पनि असहज कार्यान्वयन, सुशासनको अभाव र भ्रष्टाचारका कारण विगतमा रोजगारी विस्तार हुन सकेन । यसबाट युवामा निराशा बढेको विगत बिर्सन सकिन्न।

नेपालमा युवा बेरोजगारी कोरानापछि झनै तीव्र हुन पुग्यो। सात वर्षअघिको कोभिड-१९ पछि करिब ३० लाखभन्दा बढीले नेपालमा रोजगारी गुमाएको अनुमान छ। नेपालको जनसङ्ख्यामा १६ देखि ४० वर्षको उमेर समूहलाई युवा भनिने गरिन्छ । यसै समूहमा देशका ४० प्रतिशत जनसङ्ख्याको भार छ । यसलाई कतिपय अर्थशास्त्रीले जनसाङ्ख्यिक लाभका रूपमा पनि अथ्र्याएका छन् तर मुलुक समग्र विकासमा यो लाभ लिने अवसरबाट वञ्चित छ । सरकारले यो अवसरलाई देशभित्रै आर्थिक विकासको आधार बनाउनु पर्छ। युवा बेरोजगारीलाई सम्बोधन गर्न यतिबेला अर्थतन्त्रका चार शीर्ष क्षेत्रलाई सम्बोधन गरिनुपर्ने छ । त्यसमा कृषि, ऊर्जा, पर्यटन र सूचना प्रविधि अर्थतन्त्रको विकास र युवा बेरोजगारी निरूपण गर्ने मुख्य आधार हुन सक्छ । नयाँ आर्थिक वर्ष २०८३/८४ को बजेटमा यी चार क्षेत्रको विकास र विस्तारमा उत्पादनमुखी, प्रविधिमैत्री र युवालक्षित नीति तथा कार्यक्रम अति आवश्यक छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले हालै सार्वजनिक गर्नुभएको आर्थिक स्थितिपत्र, २०८३ अनुसार पनि यी चार क्षेत्रको रूपान्तरणबाटै अर्थतन्त्रको विकास र विस्तारसँगै युवा बेरोजगारी निरूपणको माध्यम हुन सक्छ।

रोजगारी विस्तारको पहिलो क्षेत्र त कृषि नै हो । कृषिबाट कसरी रोजगारीको आयाम विस्तार गर्न सकिन्छ । अहिले पनि कृषि क्षेत्रले झन्डै कुल गार्हस्थ उत्पादनको एक चौथाइ अंश ओगटेको छ। कुनै बेला कृषिप्रधान भनेको मुलुक अहिले पछि परेको छ। कृषिमा आधुनिकीकरण हुन सकेको छैन। आधुनिकीकरण मात्र होइन, व्यवसायीकरण पनि हुन सकेको छैन। कृषि हाम्रो जरा भए पनि युवा जनशक्ति कृषि क्षेत्रबाट पर भाग्न चाहेको देखिन्छ। अब यो अवस्थामा ठुलो रूपान्तरण आवश्यक छ । युवालाई कृषिप्रति आकर्षित गर्ने योजना, नीति र कार्यक्रम आवश्यक छ। युवालाई कृषि पेसाप्रति गौरव गर्न सक्ने गरी नीतिगत र कार्यक्रमगत परावर्तन गर्नु परेको छ। घरेलु कृषिबाट मात्र उत्पादन र रोजगारी विस्तार हुन सक्दैन । यसबाट त जीविका पनि चल्न कठिन हुन्छ । कृषिलाई सामुदायिकीकरण, सहकारीकरण, यान्त्रिकीकरण र व्यावसायिकीकरणबाट मात्र रोजगारी विस्तार गर्न सकिन्छ। त्यसनिम्ति युवा किसान उत्पादन गर्न 'स्टार्टअप' आरम्भ गर्नु पर्छ। तीन तहकै सरकारका कार्यक्रम युवालाई कृषिमा आकर्षित गर्ने गरी उच्च र अग्र प्राथमिकतामा राखेर नीति, योजना र कार्यक्रम ल्याउनुपर्ने छ ।

कृषि अब परम्परागत तौरतरिकाले मात्र चल्दैन तर कृषिमा कतिपय परम्परागपत ज्ञान, सिप र शैली बिर्सन पनि मिल्दैन । परम्परागत ज्ञानमा आधुनिक प्रविधि र यान्त्रिकीकरण अपरिहार्य छ । कृत्रिम बौद्धिकताले कृषि क्षेत्रमा दिन सक्ने ज्ञान, सिप र प्रविधिलाई उपयोगमा ल्याउनु पर्छ। त्यसनिम्ति कृषि क्षेत्रमा उत्पादनमूलक लगानी बढाउनु पर्छ। सहुलियतपूर्ण ऋण तथा अनुदानलाई कार्यमूलक ढङ्गले प्राथमिकता दिनु पर्छ । विगतमा राज्यले दिएको ऋण तथा अनुदानको व्यापक दुरुपयोग भएको गुनासो छ। ऋण तथा अनुदानले कृषि उत्पादन बढाउन नसकेको देखिएकै छ । यसमा अनकौं तथ्य र तथ्याङ्क बोलिरहेकै छन् । सहुलियतपूर्ण ऋणलाई केही ठुला घरानाले निहित स्वार्थमा दुरुपयोग गरेकोसमेत नपाइएको होइन । वास्तविक किसानसम्म सहुलियत र अनुदान पुग्न सक्ने वातावरणले मात्र कृषि प्रवर्धन हुन सक्ने छ।

व्यावसायिक कृषिका निम्ति युवा गाउँ फर्कने वातावरण अबको कार्यसूची हो। हिजोका ती उर्वर तर अहिले बाँझो बन्दै गएका जमिन उपयोग नीति अगाडि बढाउनु पर्छ । कृषियोग्य जमिनलाई भूमि बैङ्कमार्फत संस्थागत गरी करार तथा सहकारी खेतीको अवधारणा कार्यान्वयनमा ल्याउनैपर्ने छ । व्यक्तिगत प्रयासले मात्र बजार अर्थतन्त्र धान्न सक्ने कृषि क्षेत्रको विकास हुन नसक्ने भएकाले संस्थागत विकास अपरिहार्य छ। कृषिउपजको न्यूनतम मूल्य निर्धारण नै हुन नसक्नु समकालीन मूल समस्या हो। उपभोक्ताले महँगोमा किन्नुपर्ने र किसानले पनि उत्पादनको न्यूनतम र जायज मूल्य नपाउने समस्याले नेपालमा कृषिप्रति निराशा पैदा भएको हो । यो समस्याको नीतिगत सम्बोधन आवश्यक छ । कृषिउपजको भण्डारण र प्रशोधन उद्योग स्थापना आवश्यक छ। सिँचाइको अभावले मनसुनमा निर्भरता अनि बालीको बिमा व्यवस्थापन हुन नसक्दा पनि कृषिप्रति आकर्षण कम भएको हो। यी सबै पक्षमा ध्यान दिन सक्दा कृषि क्षेत्रले लाखौँ रोजगारी सिर्जना गर्न सक्ने छ।

कृषिपछि नेपालमा प्रत्यक्ष र परोक्ष रोजगारी सिर्जना गर्न सक्ने क्षेत्र ऊर्जा नै हो। ऊर्जा क्षेत्रको चालु आर्थिक वर्षमा २० प्रतिशत हाराहारीको योगदानले पनि यो क्षेत्रमा ठुलो सम्भावना देखिएको छ। झन्डै चार हजार एक सय मेगावाट विद्युत् उत्पादन भइरहेको छ र हजारौं मेगावाटका आयोजना निर्माणका क्रममा छन्। वर्षायाममा विद्युत् निर्यात हुन थालेको छ । हरित ऊर्जा भारत र बङ्गलादेशको बजार प्रवेश गरिसकेको छ। यसलाई पनि निरन्तरता दिँदै ऊर्जालाई देशभित्रै उद्यमशीलता प्रवर्धन गर्ने नीति अगाडि सार्नु पर्छ । उद्यमशीलता अगाडि बढाउन सस्तो ऊर्जाको उपयोग गरिनु पर्छ । यसबाट थप रोजगारी र स्वरोजगारी सिर्जना गरिनु पर्छ। देशभित्रैबाट हरित ऊर्जाको उत्पादन बढ्दा आयातित महँगो इन्धनप्रति निर्भरता घट्दै जाने छ । स्वच्छ ऊर्जाको आन्तरिक खपत वृद्धिले उत्पादनशील रोजगारी बढाउन सक्ने छ । विद्युतीय सवारी तथा चुलोको प्रवर्धनले जैविक र आयातित इन्धनको भार क्रमशः न्यूनीकरण गर्न सहयोग गर्ने छ। देशभित्रकै ऊर्जाले औद्योगिक क्षेत्रमा सस्तो बिजुली आपूर्ति हुन सक्दा उत्पादनशील लगानी बढ्न सक्छ।

बर्सातमा ऊर्जा उत्पादन खेर जाने गरी बढे पनि हिउँदमा अझै आयातित ऊर्जामै निर्भर रहनु परेको छ। हिउँदमा समेत पर्याप्य ऊर्जा उत्पादनका निम्ति सौर्य ऊर्जामा तत्काल जोड दिनु पर्छ भने जलाशययुक्त आयोजनातर्फ ध्यान दिइनु पर्छ । भावी ऊर्जा बजारलाई दृष्टिगत गरी अन्तरदेशीय प्रसारण लाइन अझ फराकिलो दायरामा विस्तार गर्नु पर्छ । ऊर्जा निर्यात रणनीतिको प्रभावकारी कार्यान्वयनले जलविद्युत् क्षेत्रमा थप लगानी आई रोजगारी विस्तारमा सहयोग पुग्ने छ । निर्यातसँगै विद्युत् आन्तरिक अर्थतन्त्र क्रियाशील हुने मूल आधार पनि बन्न सक्ने छ।

युवा रोजगारी विस्तार गर्ने अर्को महत्वपूर्ण क्षेत्र पर्यटन क्षेत्र हो। पर्यटन क्षेत्रलाई कृषि क्षेत्रसँग आबद्ध गरी ग्रामीण अर्थतन्त्रलाई क्रियाशील बनाउन सकिने छ । बाह्य पर्यटन विदेशी मुद्रा आर्जनको ठुलो स्रोत हुन सक्ने छ । नेपाल जस्तै कतिपय मुलुकले वार्षिक पचासौं लाख गुणस्तरीय पर्यटक आकर्षण गरी रोजगारी, लगानी र आयको चक्रीय अर्थतन्त्र निर्माण गर्न सकेका छन् । नेपालले हिमाल, पहाड, तराई, प्राकृतिक र सांस्कृतिक सम्पदाका अनेकौं क्षेत्र समृद्ध भए पनि पर्यटन विकासले

बाँकी दोश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## ऊर्जा सङ्कटबिच जापान-अस्ट्रेलिया सहकार्य विस्तार

*मेलबर्न, वैशाख २१ गते।*
विश्वव्यापी ऊर्जा आपूर्ति अस्थिर बन्दै गइरहेका बेला जापान र अस्ट्रेलियाले ऊर्जा सुरक्षा, रक्षा र महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्यलाई अझ गहिरो बनाउने सहमति गरेका छन् । इरानसँग सम्बन्धित द्वन्द्वका कारण आपूर्ति शृङ्खलामा देखिएको दबाबबिच दुवै देशले रणनीतिक साझेदारी मजबुत बनाउने निर्णय गरेका हुन्। जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार सम्हालेपछि पहिलो औपचारिक विदेश भ्रमणका क्रममा सोमबार अस्ट्रेलियाको संसद् भवनमा आफ्ना समकक्षी एन्थोनी अल्बानिजसँग भेटवार्ता गर्नुभयो । भेटमा दुवै नेताबिच क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षासँग सम्बन्धित विविध विषयमा गहन छलफल भएको जनाइएको छ ।



ताकाइचीका अनुसार चीन, दक्षिणपूर्व एसिया, प्रशान्त टापु राष्ट्रहरू, आणविक मुद्दा तथा उत्तर कोरियाद्वारा अपहरण गरिएका नागरिकका विषयमा समेत रणनीतिक संवाद भएको थियो । उहाँले स्ट्रेट अफ हर्मुज क्षेत्रमा उत्पन्न तनावले इन्डो-प्यासिफिक क्षेत्रमा गम्भीर प्रभाव पारेको उल्लेख गर्दै यस्ता परिस्थितिमा दुवै देशले समन्वय गरेर छिटो प्रतिक्रिया दिने सहमति भएको बताउनुभयो ।

ऊर्जा निर्भरताको दृष्टिले पनि दुवै देशबिच सम्बन्ध महत्त्वपूर्ण रहेको छ। अस्ट्रेलियाले जापानलाई आवश्यक पर्ने तरलीकृत प्राकृतिक ग्यासको करिब आधा हिस्सा आपूर्ति गर्दै आएको छ भने जापान अस्ट्रेलियालाई रिफाइन्ड पेट्रोल र डिजेल आपूर्ति गर्ने प्रमुख देशहरूमध्ये एक हो ।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि उत्पन्न आपूर्ति अवरोधलाई ध्यानमा राख्दै अस्ट्रेलियाले वैकल्पिक स्रोत सुनिश्चित गर्न पहल गरिरहेको छ । यसै क्रममा प्रधानमन्त्री अल्बानिजले हालै सिङ्गापुर, ब्रुनाई र मलेसियाको भ्रमण गरी इन्धन आपूर्ति बढाउने प्रयास गर्नुभएको थियो । सोमबार सम्पन्न सहमतिहरूले दुवै देशका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अल्बानिजले बताउनुभयो। उहाँका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व बजारमा आएको अस्थिरताको असरबाट अस्ट्रेलियालीहरूलाई कम जोखिम हुने वातावरण निर्माण गर्न यो सहकार्य उपयोगी हुने छ ।

ऊर्जा सुरक्षासम्बन्धी संयुक्त वक्तव्यमा आवश्यक इन्धन र ग्यासको खुला व्यापार प्रवाह कायम राख्ने तथा वर्तमान सङ्कटलाई संयुक्त रूपमा सामना गर्ने प्रतिबद्धता दोहोर्‍याइएको छ। साथै आर्थिक सुरक्षा सहकार्य अन्तर्गत भूराजनीतिक तनाव, आर्थिक दबाब तथा बजार अवरोध जस्ता जोखिमबारे परामर्शलाई निरन्तरता दिने सहमति पनि गरिएको छ ।

## युवा...

चाहेको गति लिन सकेको छैन । यो क्षेत्र युवा रोजगारीको व्यापक सम्भावना भएको क्षेत्र हुन सक्ने छ । पर्यटन गाउँसम्म विस्तार गर्न सक्दा अर्थतन्त्रमा तीव्र गतिशीलता आउन सक्ने छ । बाहिर गएर जोखिमयुक्त रोजगारीभन्दा पर्यटन क्षेत्रले देशभित्रै स्थापना गर्ने रोजगारी अति महत्वपूर्ण हुने छ । सरकारले उपयुक्त नीति, पूर्वाधार विकास र विस्तारले निजी क्षेत्रले पर्यटन विकासमा व्यापक लगानी गर्न सक्ने छ ।

युवा रोजगारी विस्तारको नयाँ क्षेत्र सूचना प्रविधि (आइटी) नै हो । युवापुस्तासँग सूचना प्रविधिप्रति गहिरो रुचि, शिक्षा, क्षमता र अभ्यस्त हुने तीव्र आकाङ्क्षा छ। आइटी क्षेत्रको विकास र विस्तारले शासकीय सुधार र सुशासन कायम गर्न सक्छ। त्यसले पनि रोजगारी विस्तार गर्न सक्छ। आइटी उत्पादनको निर्यातबाट व्यापक मात्रामा विदेशी मुद्रा आर्जन गर्न सकिने छ। इन्टरनेटको क्षमता र सुविधामा सहजीकरण गर्नुपर्ने छ । कृत्रिम बौद्धिकता अझ नयाँ सम्भावनाको क्षेत्र हो। युवा रोजगारी विस्तारको झनै ठुलो सम्भावना भएको यो क्षेत्रमा नयाँ आर्थिक वर्षका नीति तथा कार्यक्रम र बजेटले प्रभावकारी रूपमा सम्बोधन गर्न सक्नुपर्ने छ। यी चार क्षेत्रमा श्रम बजारको माग अनुसारका सिप र तालिमको विस्तार गरिनु पर्छ। हतार भए पनि एकै दिनमा लक्ष्यमा पुग्न त सकिन्न तर सही योजना, नीति र कार्यक्रमले कृषि, ऊर्जा, पर्यटन र सूचना प्रविधिका यी महत्वपूर्ण क्षेत्रबाट युवा रोजगारीमा आयामिक अग्रता लिन सकिनेछ।

## कलैया...

आएँ, तर बाहिरबाट किन्न भनियो, एउटा खोपकै ५ सय ६० रुपैयाँ तिर्नुपर्‍यो," उनले भने।
अस्पतालको एआरभी शाखाका अनुसार दैनिक ४० देखि ५० जनासम्म बिरामी उपचारका लागि आउने गरेका छन्, जसमा २५-३० जना नयाँ केस हुने गरेका छन्। तर खोप मौज्दात नहुँदा सबैलाई निजी मेडिकलबाटै किनेर ल्याउन सल्लाह दिनुपर्ने बाध्यता रहेको अहेव रबिन्द्रकुमार यादवले जानकारी दिए। उनका अनुसार विगत तीन महिनादेखि खोपको अभाव जारी छ। गत चैत २८ गते आएको ९० डोज खोप पनि बिरामीको चापका कारण वैशाख ४ गतेमै सकिएको थियो। त्यसयता अस्पताल पूर्ण रूपमा खोपविहीन अवस्थामा रहेको छ।
निःशुल्क पाउनुपर्ने खोपका लागि सर्वसाधारणले महँगो रकम खर्च गर्नुपरेको अवस्थाले स्वास्थ्य सेवाको व्यवस्थापनमाथि प्रश्न उठाएको छ। स्थानीयहरूले पहुँचका आधारमा सेवा वितरण हुने गरेको आरोपसमेत लगाएका छन्।
यता निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. अजयकुमार गुप्ताले खोप अभाव स्वीकार गर्दै कसैप्रति विभेद नगरिएको दाबी गरे। तर, अस्पतालबाट बिरामीलाई निजी मेडिकलमा पठाउने, बिमा कार्यक्रम अन्तर्गत पाउनुपर्ने औषधि समेत बाहिरबाट किन्न लगाइने जस्ता गुनासोहरू व्यापक रूपमा उठ्दै आएका छन्।
स्थानीयवासीका अनुसार अस्पतालले पुरानै ढर्राबाट सेवा सञ्चालन गरिरहेको र सुधारको अनुभूति हुन नसकेको भन्दै असन्तुष्टि बढ्दो छ। उनीहरूले तत्काल खोप आपूर्ति सुनिश्चित गर्न तथा स्वास्थ्य सेवा व्यवस्थापन सुधार गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## एकैसाथ..

गतिमा हुरीबतास चल्न सक्ने सम्भावना छ। यसले केही क्षेत्रमा क्षणिक रुपमा जनजीवन प्रभावित पार्न सक्ने अनुमान गरिएको छ।
हाल कर्णाली र लुम्बिनी प्रदेशका अधिकांश जिल्लामा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा भइरहेको छ। बागमती र मधेस प्रदेशमा पनि वर्षाको प्रभाव विस्तार हुँदै गएको विभागले जनाएको छ।
मौसम विभागका अनुसार आज साँझपछि वर्षाको तीव्रता केही घट्ने संकेत देखिए पनि मौसमी प्रणाली पूर्ण रूपमा हट्ने छैन। आगामी करिब एक सातासम्म देशका विभिन्न भागमा पटक-पटक वर्षा हुने प्रक्षेपण गरिएको छ।
आगामी तीन दिनको पूर्वानुमान अनुसार मंगलबार कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा हुने सम्भावना कायमै छ। बुधबार पहाडी र हिमाली क्षेत्रमा बदलीसहित चट्याङ पर्ने सम्भावना रहनेछ भने तराईका केही भागमा हल्का वर्षाले असर गर्न सक्छ।
मौसम विभागले हुरीबतास, चट्याङ र भारी वर्षाको जोखिम रहेकाले सर्वसाधारणलाई सतर्क रहन, अनावश्यक यात्रा नगर्न र सुरक्षित स्थानमा बस्न आग्रह गरेको छ।

## अदालतभित्र...

पक्राउ नपरेको र एक वर्ष बितिसक्दा पनि न्याय प्रक्रिया ढिलो भएको गुनासो गरे।
उनले अदालत बाहिर धर्ना दिन बाध्य भएको भन्दै निष्पक्ष सुनुवाइ र दोषीलाई कडा कारबाहीको माग गरे। पीडित पक्षले न्याय नपाएसम्म खबरदारी जारी राख्ने चेतावनीसमेत दिएका छन्।
यस घटनाले अदालतभित्र चलिरहेको कानुनी प्रक्रिया र बाहिर बढ्दो जनआक्रोशलाई एकैसाथ उजागर गरेको छ।

## लिपुलेक विवाद...

तयार रहेको जनाएको छ। सबै विषयमा रचनात्मक वार्ता गर्न भारत खुला रहेको विज्ञप्तिमा उल्लेख छ।
नेपालले आइतबार साँझ परराष्ट्र मन्त्रालयमार्फत ६ बुँदे प्रेस नोट जारी गर्दै लिपुलेक क्षेत्र नेपालको सार्वभौम भूभाग भएको अडान दोहोर्‍याएको थियो। त्यसको प्रतिक्रियास्वरूप भारतले आफ्नो औपचारिक धारणा सार्वजनिक गरेको हो।

## बोक्सी...

बढाउँदैन, निर्दोष व्यक्तिलाई आरोप लगाएर हिंसाको सिकार बनाउने खतरनाक चक्रलाई निरन्तरता दिन्छ।
मानिस चन्द्रमासम्म पुगिसकेको २१औँ शताब्दीमा पनि समाजका केही हिस्सामा यस्तो सोच रहिरहनु गम्भीर चिन्ताको विषय हो। शिक्षाको अभाव, गरिबी, सामाजिक विभेद र चेतनाको कमीले अन्धविश्वासलाई अझ बलियो बनाइरहेको छ। यसको सबैभन्दा ठूलो मूल्य दलित, विपन्न र सामाजिक रूपमा कमजोर वर्गले चुकाइरहेका छन्–उनीहरूलाई सार्वजनिक रूपमा अपमानित गरिन्छ, कुटपिट गरिन्छ, कहिलेकाहीँ ज्यानै लिइन्छ।
विगतमा बारालगायत मधेशका विभिन्न जिल्लामा यस्ता घटनामा प्रहरी प्रशासनमाथि राजनीतिक दबाबका कारण उजुरी नलिने, वा मुद्दालाई अन्य विवादमा रूपान्तरण गरी मिलापत्र गराउने प्रवृत्ति देखिएको आरोप बारम्बार उठ्दै आएको छ। यस्तो उदासीनता र मिलेमतोले अपराधीलाई संरक्षण दिने र पीडितलाई न्यायबाट वञ्चित गर्ने काम गरेको छ। यदि यही प्रवृत्ति जारी रह्यो भने कानुनप्रतिको विश्वास झन् कमजोर बन्नेछ।
यसकारण अब आवश्यक छ–शून्य सहनशीलता। बोक्सीको आरोपमा हुने हिंसालाई कुनै पनि बहानामा मिलापत्र वा सम्झौतामा टुंग्याउने होइन, सीधै कडा कानुनी कारबाहीको दायरामा ल्याइनुपर्छ। प्रहरी प्रशासनले स्वतन्त्र रूपमा काम गर्न पाउनुपर्छ र राजनीतिक हस्तक्षेप पूर्ण रूपमा रोक्नुपर्छ। अदालतले पनि यस्ता मुद्दामा छिटो र उदाहरणीय फैसला गरेर सन्देश दिन जरुरी छ।
यससँगै, दीर्घकालीन समाधानका लागि सामाजिक चेतना अभिवृद्धि अपरिहार्य छ। विद्यालयदेखि समुदायस्तरसम्म वैज्ञानिक सोच, स्वास्थ्य शिक्षा र मानव अधिकारसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्छ। अस्पताल, स्वास्थ्यकर्मी र स्थानीय सरकारबीच समन्वय गरी जनतालाई 'रोगको उपचार अस्पतालमा हुन्छ, आरोप र हिंसाले होइन' भन्ने सन्देश स्पष्ट रूपमा दिनुपर्छ।
अन्ततः, अन्धविश्वास केवल सोच होइन–यो हिंसाको जड हो। यसलाई तोड्न कानुन, शिक्षा र सामाजिक चेतनाको संयुक्त प्रयास आवश्यक छ। निर्दोष मानिसलाई आरोप लगाएर अपमानित गर्ने र यातना दिने संस्कारलाई अब समाप्त गर्नैपर्छ। सभ्य समाजको पहिचान विज्ञान, न्याय र मानवताको सम्मानमा हुन्छ–अन्धविश्वासमा होइन।


## लिपुलेक कालापानी...

योजना सार्वजनिक गरेको थियो। यसअघि नेपालले उक्त क्षेत्रमा कुनै पनि एकतर्फी गतिविधि नगर्न भारत र चीन दुवैलाई आग्रह गर्दै कूटनीतिक नोट पठाइसकेको छ। तर भारतले भने पुरानै मार्ग प्रयोग भएको दाबी गर्दै आएको छ।
सरकारले लिपुलेक, कालापानी र लिम्पियाधुरा सम्बन्धी विवाद समाधान कूटनीतिक संवादबाटै गर्नुपर्ने धारणा दोहोर्‍याउँदै नेपालको भू-अधिकारमा कुनै सम्झौता नहुने स्पष्ट संकेत दिएको छ।

## मधेश...

माओवादी र नेकपा एस बाहिरिने सम्भावना उच्च देखिएको छ।
मुख्यमन्त्री यादवमाथि पाँच महिनाको कार्यकालमा उल्लेख्य उपलब्धि हासिल गर्न नसकेको, विकास निर्माण ठप्प भएको तथा बजेट प्रक्रिया अघि नबढेको आरोपसमेत लगाइएको छ। साथै बिचौलिया प्रभाव र अनियमितताको गुनासो पनि सार्वजनिक रूपमा उठ्दै आएको छ।
मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा सरकार बारम्बार परिवर्तन हुँदै आएको छ। दोस्रो कार्यकालदेखि अहिलेसम्म पाँच पटक मुख्यमन्त्री परिवर्तन भइसकेको तथ्यले प्रदेशको राजनीतिक अस्थिरता झनै स्पष्ट बनाएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सीमा कर नीति खारेज गर्न माग गर्दै काठमाडौंमा विरोध प्रदर्शन

***२१ बैशाख, काठमाडौं।***
नेपाल-भारत सीमा क्षेत्रमा लागू गरिएको रु १०० भन्दा माथिका सामानमा भन्सार कर लगाउने नीति हटाउन माग गर्दै काठमाडौंमा विरोध प्रदर्शन गरिएको छ।

राष्ट्रिय एकता दल ले सोमबार राजधानीको माइतीघर मण्डलामा प्रदर्शन गर्दै उक्त सीमा कर नीति खारेज गर्न माग गरेको हो।

प्रदर्शनमा सहभागीहरूले “सीमामा १०० को नियम हटाऊ”, “गरीबको हक अधिकार बचाऊ”, “मानव अधिकारको रक्षा गर”, “सीमानाका किसानलाई मल देऊ” जस्ता नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए।

दलका अध्यक्ष विनय यादव ले सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकलाई दैनिक उपभोग्य वस्तुमा समेत कर लगाएर अन्याय गरिएको आरोप




लगाए। उनले तत्काल रु १०० को मापदण्ड खारेज गर्न सरकारसँग माग गरे।

प्रदर्शनकारीहरूले सीमा कर नीतिका कारण स्थानीय बासिन्दाको दैनिक जीवनयापन प्रभावित भएको, साना व्यापारी र किसान सबैभन्दा बढी मारमा परेको दाबी गरेका छन्।

त्यसैगरी, उनीहरूले देशका विभिन्न स्थानमा भइरहेको डोजर गतिविधि र विस्थापनको विषयमा पनि विरोध जनाएका छन्। सरकारले भने सीमा व्यवस्थापन र भन्सार प्रणालीलाई व्यवस्थित बनाउन यो नीति लागू गरिएको बताउँदै आएको छ।

# जातीय विभेदविरुद्ध देशभर “फास्ट ट्र्याक डेस्क” सञ्चालन गर्ने सरकारको निर्णय।

***२१ बैशाख, काठमाडौं।***
जातीय तथा सामाजिक विभेदका घटनामा बढ्दो गुनासोपछि सरकारले तत्काल सुनुवाइ र कारबाहीका लागि देशभर ‘फास्ट ट्र्याक डेस्क’ सञ्चालन गर्ने निर्णय गरेको छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोभिता गौतमका अनुसार अब सबै जिल्ला प्रशासन कार्यालयमार्फत विभेदसम्बन्धी उजुरी छिटो दर्ता गर्ने र तत्काल प्रक्रिया अघि बढाउने व्यवस्था मिलाइनेछ। उनले पीडितलाई सहज पहुँच दिन र न्यायिक प्रक्रियालाई प्रभावकारी बनाउन यस्तो प्रणाली लागू गर्न लागिएको बताएकी छिन्।

हालै काठमाडौंको माइतीघर मण्डलामा दलित समुदायलाई



कोठा भाडामा नदिएको घटनाविरुद्ध धर्ना जारी रहँदा सरकारमाथि चर्को दबाब परेको थियो। सो घटनासँगै देशभर जातीय विभेदका घटनाबारे गुनासो बढेपछि सरकारको ध्यानाकर्षण भएको हो।

सरकारको यो निर्णयलाई विभेदविरुद्धको महत्वपूर्ण कदमका रूपमा लिइए पनि यसको प्रभावकारी कार्यान्वयनमा सरोकारवालाहरूले जोड दिएका छन्। नेपालको संविधान तथा प्रचलित कानुनले जातीय छुवाछूतलाई दण्डनीय अपराध घोषणा गरेको भए पनि व्यवहारमा यस्ता घटना निरन्तर दोहोरिँदै आएको देखिएको छ।

# अदालतभित्र कर्तव्य ज्यान मुद्दाको बहस, बाहिर “सेटिङ” आरोपमा पीडितको धर्ना

***२१ बैशाख, रौतहट।***
रौतहट जिल्ला अदालत मा सोमबार कर्तव्य ज्यान मुद्दाको थुनछेक बहस चलिरहँदा बाहिर भने पीडित पक्षको धर्ना र आक्रोशले वातावरण तनावपूर्ण बनेको छ।

पीडित परिवार र स्थानीयले फरार अवस्थामा रहेका एक अभियुक्त प्रहरीसँगको कथित ‘सेटिङ’ मार्फत अदालतमा हाजिर भएको आरोप लगाउँदै निष्पक्ष न्यायको माग गरेका छन्। उनीहरूले मुद्दामा प्रभाव पारेर अभियुक्तलाई उन्मुक्ति दिन खोजिएको आशंका व्यक्त गरेका छन्।

घटना २०८१ चैत २१ गते परोहा नगरपालिका-२ मा भएको हो। सामान्य विवाद चर्किंदा ६ जनाको समूहले ६५ वर्षीय शेख मतिनमाथि




कुटपिट गरेको आरोप छ। गम्भीर घाइते उनलाई उपचारका लागि काठमाडौं लैजाँदै गर्दा चैत २३ गते मृत्यु भएको थियो।

घटनापछि ६ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरिएको थियो। तर, तीमध्ये एक अभियुक्त शेख रोज महम्मद इलाका प्रहरी कार्यालय गरुडामा ‘सेटिङ’ मिलाएर हाजिर भएको आरोप पीडित पक्षले लगाएको छ।


पीडित पक्षका अनुसार अभियुक्तलाई जोगाउन मुद्दाको अनुसन्धान र मिसिलमै प्रभाव पार्ने प्रयास भइरहेको शंका छ। मृतकका छोरा सदरे आलमले सबै अभियुक्त अझै

बाँकी तेस्रो पृष्ठमा

# लिपुलेक विवादमा भारतको कडा प्रतिक्रिया, नेपालको दाबीलाई “एकतर्फी र अनुचित” भन्दै अस्वीकार

***२१ बैशाख, काठमाडौं।***
लिपुलेक पास र कैलाश मानसरोवर यात्रासम्बन्धी नेपालको सीमासम्बन्धी दाबीप्रति भारत सरकारले कडा प्रतिक्रिया जनाएको छ। भारतीय विदेश मन्त्रालयले नेपालको दाबीलाई ‘अनुचित’ र ‘ऐतिहासिक तथ्यमा आधारित नभएको’ भन्दै अस्वीकार गरेको हो।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले जारी गरेको विज्ञप्तिमा लिपुलेक पास सन् १९५४ देखि नै कैलाश मानसरोवर यात्राका लागि प्रयोग हुँदै आएको पुरानो मार्ग भएको दाबी गरिएको छ। दशकौंदेखि उक्त मार्ग प्रयोगमा रहेको भन्दै यसलाई नयाँ विवादका रूपमा


Ministry of External Affairs
Government of India

In response to media queries regarding claims related to border issues made by Foreign Ministry of Nepal in the context of the annual Kailash Manasarovar Yatra, the Official Spokesperson, Shri Randhir Jaiswal said:

"India's position in this regard had been consistent and clear. Lipulekh Pass has been a long standing route for the Kailash Manasarovar Yatra since 1954 and the Yatra through this route has been going on for decades. This is not a new development.

As regards territorial claims, India has consistently maintained that such claims are neither justified nor based on historical facts and evidence. Such unilateral artificial enlargement of territorial claims is untenable.

India remains open to a constructive interaction with Nepal on all issues in the bilateral relationship, including on resolving agreed outstanding boundary issues through dialogue and diplomacy."

03 May 2026

प्रस्तुत गर्नु उचित नहुने भारतको भनाइ छ।

भारतले नेपालले हालै उठाएको लिपुलेक, कालापानी र लिम्पियाधुरा सम्बन्धी दाबीलाई पनि अस्वीकार गर्दै यसलाई ‘एकतर्फी’ र ‘कृत्रिम रूपमा विस्तार गरिएको दाबी’ भनेको छ। यी भूभागसम्बन्धी नेपालको दाबी ऐतिहासिक प्रमाणबाट पुष्टि नहुने जिकिर भारतले गरेको छ।


यद्यपि, भारतले नेपालसँगको द्विपक्षीय सम्बन्धलाई महत्व दिँदै सीमा विवाद समाधानका लागि संवाद र कूटनीतिक छलफल गर्न

बाँकी तेस्रो पृष्ठमा

# एकैसाथ तीन मौसमी प्रणाली सक्रिय, देशभर एक सातासम्म वर्षा र हुरीबतासको जोखिम

***२१ बैशाख, काठमाडौं।***
नेपालमा हाल तीन वटा मौसमी प्रणाली एकैसाथ सक्रिय हुँदा देशभरको मौसम अस्थिर बनेको छ। पश्चिमी वायु, स्थानीय वायु र न्यून चापीय प्रणालीको संयुक्त प्रभावले देशका धेरै भागमा वर्षा, चट्याङ र तेज हुरीबतासको सम्भावना बढाएको मौसम विभागले जनाएको छ।

सुदूरपश्चिमबाट प्रवेश गरेको वर्षा र हुरीबतासको प्रणाली क्रमशः लुम्बिनी हुँदै बागमती र मधेस प्रदेशतर्फ सर्दै गएको छ। यसको प्रभावले धेरै स्थानमा वर्षा सुरु



भइसकेको छ भने काठमाडौं उपत्यकामा पनि मौसम बदलिएर बदली र हल्का वर्षा देखिन थालेको छ।

मौसमविद् सञ्जिव अधिकारीका अनुसार हालको प्रणाली आक्रामक प्रकृतिको भएकाले केही स्थानमा ४० किलोमिटर प्रतिघण्टासम्मको

बाँकी तेस्रो पृष्ठमा

# एकल महिलालाई लक्षित सम्पत्ति फिर्ता व्यवस्था असवैधानिक ठहर गर्दै सर्वोच्चद्वारा खारेज

***२१ बैशाख काठमाडौं।***
सर्वोच्च अदालतको संवैधानिक इजलासले एकल महिला (विधवा)को हकमा मात्र लागू हुँदै आएको सम्पत्ति फिर्तासम्बन्धी कानुनी व्यवस्था खारेज गरेको छ। सोमबार सुनाइएको उक्त फैसलामा उक्त व्यवस्था नेपालको संविधानले सुनिश्चित गरेको समानताको हक तथा महिलासम्बन्धी मौलिक हकसँग प्रतिकूल रहेको निष्कर्ष निकालिएको हो। अदालतका अनुसार, एकल पुरुषको हकमा कुनै समान प्रावधान नभए पनि विधवा महिलाको हकमा मात्र सम्पत्ति फिर्ता गर्नुपर्ने व्यवस्था राखिनु विभेदकारी प्रकृतिको रहेको ठहर गरिएको छ। यही आधारमा उक्त कानुनी व्यवस्था अब कार्यान्वयन योग्य नरहने गरी खारेज गरिएको हो। यस विषयमा महिला कानुन र विकास मञ्चका तर्फबाट वरिष्ठ अधिवक्ता मीरा ढुंगानाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकी थिइन्। रिटमा संविधानले प्रत्याभूत गरेको समानताको सिद्धान्त उल्लङ्घन भएको तथा लैङ्गिक आधारमा असमान व्यवहार गरिएको भन्दै उक्त प्रावधान बदर गर्न माग गरिएको थियो।

संवैधानिक इजलासले उक्त तर्कलाई स्वीकार गर्दै कानुनी व्यवस्था विभेदकारी भएको निष्कर्षमा पुग्दै खारेज गरेको हो। यसअघि लागू रहेको व्यवस्थाअनुसार, विधवा महिला पुनः विवाह गरेमा वा विशेष परिस्थितिमा माइती वा पारिवारिक स्रोतबाट प्राप्त सम्पत्ति फिर्ता गरिनुपर्ने प्रावधान रहेको थियो। तर पुरुषको हकमा यस्तो कुनै बाध्यता थिएन, जसलाई अदालतले असमानताको उदाहरणका रूपमा लिएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।